**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १४ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मूले आगामी आइतबार नयाँ दिल्लीको मेजर ध्यानचंद स्टेडियममा आदि महोत्सव-२०२५ को उद्घाटन गर्नुहुनेछ।
- जाली दस्तावेजहरूको आधारमा अर्धसैनिक बलहरूमा भर्तीकाण्डमा सीबीआईले पाँच केन्द्रिय बलहरूलाई पत्र पठाएको छ।
- पश्चिम बङ्गालका राज्यपालको उपस्थितिमा दार्जीलिङको ऐतिहासिक बतासे युद्ध स्मारकमा आज 72 फिट अग्लो भारतीय झण्डा स्थापना गरिएको छ।
- कालेबुङ जिल्ला प्रशासनको आयोजनामा आज कालेबुङ जिल्ला गठनको 8औँ स्थापना दिवस पालन गरियो।
- शहीद दुर्गा मल्ल जिल्ला अस्पताल दार्जीलिंगमा कार्यरत १३१ जना कण्ट्र्याकचुअल कर्मचारीहरूले वेतनको मागमा आज देखि धरना शुरू गरेका छन्।
- पुलवामा हमलामा शहीद भएका जवानहरूको सम्झनामा साथै ड्रग्स फ्रि डुवर्सको सन्देश दिँदै आज डुवर्सको लुकसान कालीखोला बस्तीमा ओपन १२ किलोमिटर म्याराथन दौड सम्पन्न भयो।

**राष्ट्रपति द्रौपदी मुर्मू- आदि महोत्सव**

राष्ट्रपति द्रौपदी मुर्मूले आगामी आइतबार नयाँ दिल्लीको मेजर ध्यानचंद स्टेडियममा आदि महोत्सव-२०२५ को उद्घाटन गर्नुहुनेछ। आदिवासी समुदायको उद्यमशीलता, शिल्प, संस्कृति, खाना र वाणिज्यको उत्सव मनाउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो। नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिनुहुदै आदिवासी मामिला राज्यमन्त्री दुर्गादास उइकेले भन्नुभयो - यस कार्यक्रमको उद्देश्य विभिन्न राज्यका आदिवासी कारीगरहरू र उद्यमीहरूलाई उनीहरूको सिर्जना, उत्पादनहरू प्रदर्शन गर्ने मंच प्रदान गर्नु रहेको छ। उहाँले यो कार्यक्रमले ६ सय भन्दा अधिक आदिवासी उद्यमीलाई एकै ठाउँमा ल्याउने बताउनु भएको छ।

****** o ******

**पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री**

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले भारत ऊर्जा सप्ताहले आफूलाई विश्वको दोस्रो ठूलो ऊर्जा मंचको रूपमा स्थापित गरेको बताउनु भएको छ। नयाँ दिल्लीमा समापन सत्रलाई सम्बोधन गर्नुहुदै श्री पुरीले भन्नुभयो - यो मंचले नेटवर्किंग मंचको रूपमा मात्र सेवा गर्नुको साटो वास्तविक व्यापारिक लेनदेनलाई सुविधा प्रदान गरेर अन्य वैश्विक ऊर्जा फोरमहरूबाट आफूलाई अलग गरेको छ। इन्डिया इनर्जी वीकको अर्को संस्करण गोवामा हुने भएको छ।

****** o ******

**सीबीआई-जाली दस्तावेज**

जाली दस्तावेजहरूको आधारमा अर्धसैनिक बलहरूमा भर्तीकाण्डमा सीबीआईले पाँच केन्द्रिय बलहरूलाई पत्र पठाएको छ। जाँच एजेन्सीलाई थाहा लागे अनुसार यी दस्तावेजहरूलाई अनलाइनको माध्यमबाट बारासातको प्रशासनिक भवनमा पठाइएको थियो। सीबीआई सूत्र अनुसार जुन पाँच केन्द्रिय बलहरुलाई पत्र पठाइएको छ त्यसमा इण्डो-तिब्बतन बोर्डर पुलिस (आईटीबीपी), सीमा सुरक्षा बल (बीएसएफ), सशस्त्र सीमा बल (एसएसबी), केन्द्रिय औद्योगिक सुरक्षा बल (सीआईएसएफ) र असम राइफल्स सामेल छन्। सीबीआईको दाबी छ, उत्तर प्रदेश अनि बिहारका जुन युवकहरूले यी बलहरूमा भर्तीको लागि आवेदन गरे, उनीहरूलाई जाली गिरोहको मद्दतबाट बंगालको निवासी दर्शाइयो।यस मामिलामा सीबीआईले सेनाका कर्मचारी महेश चौधरीलाई पक्राउ गरेको छ जो यस गिरोहका महत्वपूर्ण सदस्य रहेको बताइँदैछ। प्रारम्भिक जाँचमा यस्ता 30 जना मानिसहरूको पहिचान गरिसकिएको छ।

****** ० ******

**दार्जीलिङ-बतासे -राज्यपाल**

दार्जीलिङको ऐतिहासिक बतासे युद्ध स्मारकमा आज 72 फिट अग्लो भारतीय झण्डा स्थापना गरियो। भारतीय फ्ल्याग फाउन्डेसनको निरन्तर पहलको यो 167 औं कार्यक्रम दार्जीलिङको बतासे युद्ध स्मारकमा आयोजना गरिएको थियो । फ्ल्याग फाउन्डेसन अफ इन्डियाको निरन्तर पहलमा रेलवे स्टेशन, पार्क आदि जस्ता महत्वपूर्ण स्थलहरूमा भारतीय झण्डा स्थापना गरिँदै आइरहेको छ। यस क्रममा आज बतासे युद्ध स्मारकमा 72 फिट अग्लो भारतीय झण्डा स्थापना गरिएको हो। यस अवसरमा पश्चिम बंगालका राज्यपाल सीभी आनन्द बोस विशेष रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा जिल्ला सैनिक बोर्डले शहीदहरूका परिवारलाई उनीहरूको योगदानका लागि सम्मान पनि जनाएको थियो। राज्यपाल श्री बोसले पत्रकारहरूसँग बातचित गर्नुहुदै गोर्खा सैनिकहरूको वीरता र बलिदानको प्रशंसा गर्नु भयो। यो कार्यक्रम राष्ट्रको रक्षकहरूप्रति स्थायी कृतज्ञता र सम्मानको प्रतीक रहेको बताए। 15 हजार दिग्गजहरूको घर भएको बतासे युद्ध स्मारकको ऐतिहासिक र भावनात्मक महत्त्वबारे पनि बोसले प्रकाश पार्नु भयो । बर्ष १९९५ मा निर्मित, यो स्मारक राष्ट्रको सेवामा सर्वोच्च बलिदान दिने भारतीय सेनाका गोर्खा सैनिकहरूलाई श्रद्धाञ्जलि स्वरूप समर्पित छ l

****** ० ******

**कालेबुङ- स्थापना दिवस**

कालेबुङ जिल्ला प्रशासनको आयोजनामा आज कालेबुङ जिल्ला गठनको 8औँ स्थापना दिवस पालन गरियो। उल्लेखनीय छ बर्ष 2017 मा, पश्चिम बंगालको 21 औँ जिल्लाको रूपमा कालेबुङ जिल्ला गठन भएको थियो। जिल्ला मुख्यालय कालेबुङ ब्रिटिशकालमा इन्डो-तिब्बत व्यापारका लागि प्रमुख शहरको रूपमा प्रख्यात थियो। 8औँ स्थापना दिवसको अवसरमा कालेबुङको टाउन हलमा सम्पन्न कार्यक्रममा मुख्य अतिथिका रूपमा कालेबुङ जिल्लापाल बालसुब्रमण्यम टी उपस्थित उपस्थित हुनुहुन्थ्यो भने विशिष्ट अतिथिका रूपमा कालेबुङ नगर प्रशासक रवि प्रधान, कालेबुङ जिल्ला अतिरिक्त पुलिस अधीक्षक पूर्णीमा शेर्पा, सभासद्हरू सिनोरा नाम्चु, सुमन गुरूङ, हेमन्त थुलुङ, विकास राई उपस्थित हुनुहुन्थ्यो । उक्त कार्यक्रममा कालेबुङको निम्ति उपलब्धिहरू हासिल गरेका व्यक्तिहरूलाई जिल्ला प्रशासनले सम्मान जनाएको थियो। कार्यक्रममा क्षेत्रीय कलाकारहरूद्वारा गीत लगायत विभिन्न रंगा-रंग कार्यक्रमहरू प्रस्तुत गरेका थिए।

****** ० ******

**दार्जीलिंग -धर्ना**

शहीद दुर्गा मल्ल जिल्ला अस्पताल दार्जीलिंगमा कार्यरत १३१ जना कण्ट्र्याकचुअल कर्मचारीहरूले तीन महिना देखि वेतन नपाए पछि अस्पताल परिसरमा आज देखि धरना शुरू गरेका छन् । चार महिना लागि सक्दा पनि समयमा वेतन नपाएपछि बाध्य भएर शुरु गरिएको धरना वेतन नदिएसम्म जारी रहने अनु छेत्रीले बताउनु भएको छ । धर्नामा बसेका कर्मचारीहरुले वर्षेनी टेण्डर गरेर, वेतन वृद्धि गरेर नयाँ कर्मचारीहरू नियुक्ती गरिनु पर्ने कार्य नभएको र सालमा एकपल्ट पूजा बोनसको माग पनि पुरा नभएको बताएका छन् l

****** ० ******

**स्कूल भर्ती घोटाला**

पश्चिम बंगालको बहुचर्चित स्कूल भर्ती घोटालामा केन्द्रिय अन्वेषण ब्यूरो (सीबीआई)-लाई आज कोलकाताको एक विशेष अदालतबाट कुन्तल घोषको आवाजको नमूना लिने अनुमति प्राप्त भयो। सीबीआईका अधिवक्ताले अदालतलाई बताए, जाँच एजेन्सीलाई नयाँ प्रमाण हात लागेको छ जसको आधारमा कुन्तल घोषको आवाजको नमूना लिन आवश्यक भएको छ। अदालतले यस तर्कसित सहमति व्यक्त गर्दै सीबीआईलाई यो अनुमति दियो अनि आगामी 18 फरवरीमा आवाजको नमूना संग्रह गर्ने तारिख तय गऱ्यो।

कुन्तल घोष यस मामिलाका प्रमुख आरोपीहरूमध्ये एक हुन् र वर्तमानमा जमानतमा बाहिर छन्। उनलाई केही वर्षअघि प्रवर्तन निदेशालय (ईडी)- ले पक्राउ गरेको थियो जसले यस घोटालाको समानन्तर जाँच गरिरहेको छ। घोषमाथि आरोप छ, उनले सरकारी स्कूलहरूमा नोकरी दिलाउने नाममा करोडौ रुपियाँ असुल गरेकोछ ।

****** ० ******

**सन्दीप लिम्बू - पर्जा- पट्टा**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका नेता सन्दीप लिम्बूले आज एक प्रेस बिज्ञप्ति जारी गर्दै शरणार्थी बनाउन खोज्ने पाँच डेसिमल पर्जा- पट्टालाई फेरि पनि बंगाल सरकार अनि जीटीए मिलेर जबरजस्ती थमाउने कोशिश गरिरहेको आरोप लगाउनु भएको छ। उहाँले यसलाई चियाबारीका जनताले स्वीकार गर्न नहुने अपील गर्नु भएको छ।

गोरामुमो दार्जिलिङ ब्राञ्ज कमिटीका सचिव सन्दीप लिम्बूले भन्नु भयो, षड्यन्त्र गरेर 5 डेसिमल जमीनको पर्जा पट्टा दिएर किरायदार बनाउने प्रयास गर्दैछ। यसलाई सबैलाई अस्विकार गर्न आवश्यक छ I श्री लिम्बुले सर्वेक्षण गर्न आउनेहरुलाई सर्वेक्षण गर्न नदिने पनि अपिल गर्नुभएको छ I श्री सन्दीप लिम्बूले, गोरामुमो सदैव चियाबारी श्रमिकहरुको पक्षमा उभिएको बताउनुहुदै सबै जमीनको पट्टा दिने र बस्तीको जस्तै पट्टा दिन्छ भने मात्र थाप्ने अपिल गर्नुभएको छ I

****** ० ******

**सिक्किम -सिलगडी-भवन**

सिक्किमका मुख्यमन्त्री पीएस गोले-ले आज सिलगढीमा आमाको गोद-नामक भवनको विधिवत रूपमा उद्घाटन गर्नु भयो । सिक्किम क्रान्तिकारी मोर्चाको गरिब जनकल्याण प्रकोष्ठले सिक्किमका रोगी बिरामीहरूको सिलगढीमा उपचारका लागि आउँदा बस्नका लागि यो पहल शुरू गरेको हो। हालका लागि सिलगढीको चम्पासरीस्थित एउटा भाडाको घरमा अस्थायी रूपमा यो भवन सञ्चालन गरिएको छ। यो भवनको व्यवस्थापन सिक्किम क्रान्तिकारी मोर्चाको गरिब जनकल्याण प्रकोष्ठ गर्नेछ भने यो भवन ओएसडी मेडिकल- अफिसर अन स्पेशल ड्युटी- आजाद भोटियाको निगरानीमा रहनेछ। उक्त भवनमा मेडिकल एटेन्डेन्टहरू पनि रहनेछन्, जसले बिरामीहरूलाई उपचारको क्रममा सहयोग गर्नेछन्। विशेष गरी सिक्किमबाट सिलगढी उपचारका लागि रेफर गरिएका बिरामीहरूलाई सिलगढी आउँदा कुनै प्रकारको समस्याको सामना गर्न नपरोस् अनि उनीहरू होटलहरूमा बस्न नपरोस् भनेर नै एसकेएमको गरिब जनकल्याण प्रकोष्ठद्वारा यो योजना शुरू गरिएको बताइएको छ।

****** ० ******

**सुवास घिसिङ स्मृति पार्कमा रक्तदान शिविर**

गोर्खा राष्ट्रिय युवा मोर्चा द्वारा आज मिरिक महकुमा अन्तर्गत सुवास घिसिङ स्मृति पार्कमा रक्तदान शिविरको आयोजना गर्यो। गोरामुमोका संस्थापक अध्यक्ष सुवास घिसिङको स्मृतिमा आयोजित यस विशेष शिविरमा युवाहरूले रक्तदान गर्दै समाजसेवाको उदाहरण प्रस्तुत गरे।गोरायुमो केन्द्रीय समिति सदस्य प्रवेश राईले जानकारी गराए अनुसार, हाल दार्जीलिङ पहाडमा रगतको अभाव रहेकोले यस्तो शिविरको आयोजना गरिएको हो।उहाँले यस्तो सानो प्रयासले आपतकालिन अवस्थामा परेकाहरूलाई राहत पुग्नेछ बताउनु भयो। ।शिविर बर्ष २०१९ को १४ फेब्रुअरीमा पुलवामामा भएको आतंककारी आक्रमणमा वीरगति प्राप्त गरेका सैनिकहरूको सम्झनामा श्रद्धाञ्जली अर्पन गरियो। यस शिविरमा दार्जीलिङ, खर्साङ, र मिरिक ब्राञ्च कमिटीका युवाहरूले रक्तदान गरेका थिए भने गोरामुमोका दार्जीलिङ खर्साङ मिरिक ब्रान्च कमिटीका प्रतिनिधिहरु उपस्थित थिए।

****** ० ******

**सुकुना -खस -संगठन**

सुकुना सार्वजनिक भवनमा सन्तोष खड्का को अध्यक्षतामा सर्वभारतीय खस युवा को गठन गरिएको छ।भारतको विभिन्न राज्यका खसहरुलाई एकत्रित पारेर खसहरुको सांस्कृतिक, परम्परा,रिति रिवाजको संरक्षण एवं जनजातिको मुद्दालाई सक्रिय रुपले अघि बढाउँने अभिप्रायले यो संगठनको गठन गरिएको बताइएको छ।सभाले सर्बभारतीय स्तरमा खस युवाहरुको सामुहिक झुण्ड स्थापित गरि सम्पूर्ण खसहरु एक मञ्चमा आउँनु पर्ने आवश्यकता बोध भएकाले यसलाई साकार रुप दिन सर्वभारतीय खस युवा संगठन गठन गरेर यसको तदर्थ समिति पनि गठन गरिएको छ।समितिले बिभिन्न राज्यका खसहरुसँग सम्पर्क शुरु गर्दै चाँडै सबैलाई समेटेर पूर्णाङ्क समिति गठन गर्ने अनि सर्वभारतीय स्तरमा कार्य गर्ने निधो गरेको छ।आजको सभाले गोर्खा समुदायमा छोडिएको ११ जातलाई जनजाति बनाउँने मुद्दामा खस लगायत अन्य केही जातहरु छोडिने संकेत देखिएको बिषयमा पनि चर्चा गर्दै यसको निम्ति युवाहरुले काम गर्ने निर्णय गरेको छ।।सभालाई दार्जिलिङ -कालेबुङ असम सिक्किमबाट उपस्थित भएका युवा प्रतिनिधिहरुले सम्बोधन गरेका थिए।

****** ० ******

**पुलवामा जवान -म्याराथन**

पुलवामा हमलामा शहीद भएका जवानहरूको सम्झना साथै ड्रग्स फ्रि डुवर्सको सन्देश दिँदै आज डुवर्सको लुकसान कालीखोला बस्तीमा ओपन 12 किलोमिटर म्याराथन सिजन टू सम्पन्न भयो। म्याराथन लुकसान एसएसबी क्याम्पबाट शुरु भएर क्यारन टी गार्डनमा पुगी समापन भएको थियो। म्याराथनमा डुवर्सका विभिन्न क्षेत्र लगायत पहाडका धावकहरूले भाग लिएका थिए। म्याराथनमा 18 देखि 35 वर्षसम्म उमेर समूहको पुरुष वर्गमा गोरुबथानका विवेक छेत्री प्रथम, कालेबुङका रिवाज छेत्री देस्रो अनि मेनग्लासका रोशन मुण्डा तेस्रो भए भने 36 वर्षदेखि माथिको उमेर समूहको पुरुष वर्गमा कालेबुङका कमल थामा प्रथम, ग्रासमोडका दीपक छेत्री दोस्रो अनि लुकसानका विकास लिम्बू तेस्रो भए। त्यसरी नै महिला वर्गमा दार्जीलिङकी प्रीति राई प्रथम, गोरुबथानकी सबिना राई दोस्रो र गोरुबथानकी प्रिया तामाङ तेस्रो भइन्। म्याराथनमा विजय हुनेहरूलाई आयोजक कमिटीको तर्फबाट नगद राशि साथै प्रमाण पत्र प्रदान गरिएको थियो। उक्त म्याराथनमा बिशेष रूपमा दार्जीलिङ पहाडका मोटिभेटर स्पिकर प्रोमेस भोटिया अनि जयगाउँ हासीमाराका इन्डियन फ्ल्याग बियरर फुटेड रनर सुन्दर जैसवाल उपस्थित हुनुहुन्थ्यो ।

****** ० ******